# मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेडको

## सातौं बार्षिक साधारण सभाको काम कारवाही तथा निर्णयको विवरण(माइन्युट)

१) बैधानिक सभाः

मातृभूमि लघुवित्त लघुवित्त संस्था लिमिटेडको सञ्चालक समितिको मिति २०८३/०३/१० गते सम्पन्न १८५ औ बैठकको निर्णयानुसार आह्वान गरिएको सातौं बार्षिक साधारण सभा संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री बिनोद आचार्यको अध्यक्षतामा कम्पनी (पहिलो संशोधन) ऐन २०६३ र संस्थागत नियमावली अनुसार निम्न मिति, समय र स्थानमा बसी देहायका बिषयहरु उपर छलफल गरी सम्पन्न भयो ।

२) सभा भएको मिति, समय र स्थानः

मितिः २०८३ असार ३२ गते बिहिवार (तद अनुसार १६ जुलाई, २०२६)

समयः बिहान १०:०० बजे

स्थानः केन्द्रीय कार्यालय, लम्कीचुहा–४, कैलाली

३) सभाको सूचनाः

३.१ मिति २०८३ असरा १० गते बसेको सञ्चालक समितिको १८५ औं बैठकले संस्थाको सातौं वार्षिक साधारण सभा मिति २०८३ असार ३२ गते सञ्चालन हुने निर्णय गरे अनुसार कम्पनी (पहिलो संशोधन) ऐन २०६३ को दफा ६७ (२) बमोजिम साधारण सभा हुने मिति, समय, स्थान र सभामा छलफल हुने विषयबस्तुहरु सहितको विवरणहरु खुलाई मिति २०८३ असार ११ गते बिहीवारको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक र मिति २०८३ असार २४ गते बुधवारको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक गरी दुई पटक सूचना प्रकाशन गरिएको, सभाको सूचना संस्थाको वेवसाइटमा पनि राखिएको साथै सभाको जानकारी सम्बन्धमा शेयरधनिहरुको मोवाइल नम्बरमा SMS समेत पठाई जानकारी गराईएको ब्यहोरा सभामा जानकारी गराइयो ।

३.२ साधारण सभा सम्बन्धमाः कम्पनी ऐन, २०६३ को दफा ६७(४) बमोजिम सञ्चालक समितिको मिति २०८३/०३/१० गते सम्पन्न १८५ औ बैठकको निर्णय बमोजिम संस्थाको रजिष्टर कार्यालय लम्कीचुहा–४, कैलालीमा मिति २०८३/०३/३२ गते सातौ साधारण सभा सम्पन्न भयो ।

४) साधारण सभाका लागि प्रस्तावित बिषयहरुः

(क) सामान्य प्रस्ताव :

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ असार मसान्तको वासलात तथा आ.व.२०८१/८२ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचिहरु छलफल गरी स्वीकृत गर्ने ।

(३) वित्तीय संस्थाको लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम आ.व.२०८२/८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ख) विशेष प्रस्ताव :

(१) सर्वसाधारणमा थप सार्वजनिक निष्काशन (Further Public Offering) गर्ने ।

(२) मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेडको पूँजी बृद्धि योजना अर्न्तगत FPO निष्काशन पश्चात कायम हुने चुक्ता पूँजीको १:१ को अनुपातमा प्रति कित्ता रु.१००/–(एक सय रुपैयाँ) का दरले हकप्रद शेयर (Right Share) निष्कासन गर्ने प्रस्ताव पारित गर्ने ।

(३) मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेडले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने प्रयोजनको लागि उपयुक्त लघुवित्त संस्था पहिचान गर्ने, संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्यांकनकर्ता नियुक्त गरी पारिश्रमिक तोक्न तथा सहमतिपत्रमा हस्ताक्षर गर्ने तथा यस सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

४) नेपाल राष्ट्र बैक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्टारको कार्यालय लगायत अन्य नियमनकारी निकायहरुबाट स्वीकृती लिने, अभिलेख गर्ने, प्रबन्धपत्र तथा नियमावलीमा कुनै बिषयमा संशोधन एवं परिर्वतन गर्ने निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगाएतका अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियार प्रदान गर्ने ।

(५) जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्थाको स्थायी लेखा नम्बर (PAN) स्थगनको लागि वित्तीय विवरणहरु माथि राय पेश गर्न लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ग) विविधः

५) साधारण सभाको सञ्चालनः

साधारण सभाको सञ्चालन प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिब श्री बखत बहादुर बटालाले गर्नुभएको थियो ।

५.१ सञ्चालक उपस्थिति

| क्र.स. | उपस्थित सञ्चालकको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री बिनोद आचार्य | अध्यक्ष | सर्वसाधारण |
| २ | श्री शम्भु प्रसाद घिमिरे | सञ्चालक | संस्थापक |
| ३ | श्री बिमला योगी | सञ्चालक | संस्थापक |
| ४ | श्री खडानन्द सापकोटा | सञ्चालक | संस्थापक |
| ५ | श्री इन्द्र कुमार शाह | सञ्चालक | संस्थापक |
| ६ | श्री भरत बहादुर हमाल | सञ्चालक | सर्वसाधारण |

Matribhumi Laghubitta Bittiya Sanstha Limited

५.२ कर्मचारीहरुको उपस्थितिः

१) श्री बखत बहादुर बटाला — प्रमुख कार्यकारी अधिकृत

२) श्री पवन योगी — सहायक महाप्रबन्धक

३) श्री लोकमणी रेग्मी — सहायक महाप्रबन्धक

४) श्री कल्पना कार्की — प्रबन्धक

५) श्री टिकाराम उपाध्याय — बरिष्ठ अधिकृत

अनुगमन प्रमुख, शाखा प्रबन्धक तथा अन्य कर्मचारीहरको पनि उपस्थिति रहेको थियो ।

५.४ शेयरधनीहरुको उपस्थितिः

संस्थाको साधारण सभामा उपस्थित हुन पाउने संस्थापक शेयरधनी संख्या ४४२ र सर्वसाधारण शेयरधनि संख्या ३५,३२७ जना गरी कुल जम्मा शेयरधनी संख्या ३५,७६९ जना रहेकोमा सभामा निम्न बमोजिमको उपस्थिति रहेको थियो ।

| विक्री भएको कुल शेयर संख्या (कित्ता) | शेयर संस्था ( संस्थापक समुह) "क" | शेयर संस्था ( सर्वसाधारण समुह) "ख" | उपस्थित शेयर संख्या समुह "क" | उपस्थित शेयर सख्या समुह "ख" | जम्मा उपस्थिति समुह "क र ख" | उपस्थित शेयर संख्याको प्रतिशत |
|---|---|---|---|---|---|---|
| ६२,८३,५७३.३७ | ५२,०३,४८९.१८ | १०,८०,०८४.१९ | २० जना शेयरधनी/ प्रतिनिधि– शेयर कित्ता:२,४५,३४८ | ५ जना शेयरधनी/ प्रतिनिधि– शेयर कित्ता:३,९८२ | २५ जना शेयरधनी/प्रतिनिधि– शेयर कित्ता:२,४९,२४१ | ३.९६ प्रतिशत |

- शेयरधनी स्वय उपस्थित संख्या २५ जना, शेयर कित्ताः २,४९,२४१ र शेयरको प्रतिनिधित्व ३.९७ प्रतिशत ।
- शेयरधनी प्रोक्सी मार्फत उपस्थित संख्या २१३, शेयर कित्ता ३१,२५,२११र शेयरको प्रतिनिधित्व ४९.७४ प्रतिशत ।

६. गणपुरक संख्याः

कम्पनीको (पहिलो संशोधन) ऐन, २०६३ को दफा ७३(२) तथा यस कम्पनीको नियमावलीको नियम २३ बमोजिम साधारण सभा सञ्चालानको लागि कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व र कम्तीमा तीन जना शेयरधनीहरुको उपस्थिति हुन पर्नेमा सभामा कुल शेयर संख्याको ५३.७० प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी २३८ जना (प्रोक्सी सहित) शेयरधनी/शेयरधनी संस्थाको संस्थाको प्रतिनिधिहरुको सभामा उपस्थिति रहेको हुनाले सभामा गणपुरक संख्या पुगेको र सभाले बैधानिकता प्राप्त गरेको व्यहोरा कम्पनी सचिबले सभामा जानकारी गराउनु भयो ।

७. सभाको अध्यक्षता, आसन ग्रहण र सभा सञ्चालनः

सभामा गणपुरक संख्या पुगेको र वैधानिकता रहेकाले सभा सञ्चालक प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिब श्री बखत बहादुर बटालाले कम्पनीको (पहिलो संशोधन) ऐन, २०६३ को दफा ७४(१) तथा यस कम्पनीको नियमावलीको नियम १९(१) बमोजिम वार्षिक साधारण सभाको अध्यक्षता गर्न सञ्चालक समितिका अध्यक्ष श्री बिनोद आचार्यलाई अनुरोध गर्नु भए बमोजिम अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्नुभयो । तत्पश्चात अध्यक्षज्यूको अनुमतिमा सभा सञ्चालकले संस्थाका सञ्चालकज्यूहरु आमन्त्रित महानुभावहरुलाई आसन ग्रहन गराउनु भयो ।

८. स्वागत मन्तब्यः

संस्थाका सञ्चालक श्री खडानन्द सापकोटाले सभामा उपस्थित महानुभावहरुलाई स्वागत गर्नुभयो ।

९. सभाको समुद्घाटनः

सभामा अध्यक्षज्यूले पानसमा दीप प्रज्वलन गरी सभाको समुद्घाटन गर्नुभयो । सो पछि राष्ट्रिय गानमा सभाका उपस्थित सबै महानुभावहरु सहभागी भई सभा विधिवत रुपमा साधारण सभा प्रारम्भ गर्नुभयो ।

१०. अध्यक्षज्यूको मन्तब्य तथा आर्थिक बर्ष २०८१/८२ को वार्षिक प्रतिवेदनः

संस्थाका प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिबले अध्यक्षलाई आफ्नो मन्तब्य राख्न अनुरोध गर्नुभए बमोजिम अध्यक्षज्यूले सभामा छलफल तथा निर्णयकालागि निर्धारित बिषयसूची अर्न्तगत सामान्य प्रस्ताव १ अनुसार सभामा पाल्नु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत आमन्त्रित सबैलाई स्वागत गर्दै सभा समक्ष सातौं वार्षिक प्रतिवेदन २०८१/८२ को पेज नं.१ देखि १४ सम्म रहेको अध्क्षयज्यूको मन्तब्य तथा आर्थिक बर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन सभामा राख्नुभयो ।

११. छलफलमा सहभागी शेयरधनीहरुबाट उठाइएका जिज्ञासाहरुः

सभामा प्रस्तुत प्रस्तावहरु उपर मन्तब्य, जिज्ञासा, सुझाव, सल्लाह भएमा छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुलाई अध्यक्षको निर्देशनमा कम्पनी सचिबले अनुरोध गर्नु भएकोमा निम्न शेयरभनी महानुभावहरु छलफलमा सहभागी भई निम्नानुसारको मन्तब्य, टिप्पणी, जिज्ञासा तथा सुझावहरु प्रस्तुत गर्नुभयो ।

| क्र.स. | नाम | शेयरधनी समुह | कैफियत |
|---|---|---|---|
| १ | श्री गणेश बहादुर अधिकारी | संस्थापक | |
| २ | श्री खिमाराज न्यौपाने | संस्थापक | |
| ३ | श्री डिल्ली प्रसाद गड्तोला | संस्थापक | |
| ४ | गोबिन्द बहादुर के.सी. | सर्वसाधारण | |
| ५ | तेज प्रताप मल्ल | संस्थापक | |
| ६ | नारायण बहादुर सोडारी | संस्थापक | |
| ७ | रतन बहादुर रावल | संस्थापक | |

Matribhumi Laghubitta Bittiya Sanstha Limited
स्था. २०७५
कर्पोरेट कार्यालय काठमाडौं
मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड

१२. सभामा शेयरधनीहरुले प्रस्तुत गर्नुभएको टिप्पणी तथा सुझावहरुको साराशं:

- ❖ संस्थाको साधारण सभा आर्थिक बर्षको अन्तीममा नभएर नियमनकारी निकायमको निर्देशन (नेपाल राष्ट्र बैकले) ले तोकेको समय सिमा भित्र गर्नु पर्ने, शेयरधनिहरुलाई प्रतिफल प्रदान हुने गरी संस्थागत सूचकहरु सुधार गर्नु पर्ने ।
- ❖ संस्थालाई नाफामा ल्याउन रणनितिक योजनाहरु निर्माण गरेर कार्य गर्नु पर्ने, संस्थाका अधिकांस सूचकहरु नकारात्मक भएकाले उक्त सूचकहरु सकारात्मक हुने गरी कार्य गर्नु पर्ने, वित्तिय संस्थाको जोखिम न्यूनिकरण गर्न Recovery बढाउनु पर्ने ।
- ❖ PE Ratio negative बाट Positive बनाउने पर्ने योजना निमार्ण गर्नु पर्ने, हाल संस्थाको निष्कृय कर्जा बृद्धि भएको हुदाँ सो घटाउने पर्ने योजना निर्माण गर्नु पर्ने, संस्थाको पूँजीकोष परेको चापले गर्दा संस्था जोखिममा रहेको देखिन्छ सो पुरा गर्न कर्जा असुली प्रभाबकारी गर्न कर्मचारीहरुको उच्च मनोबल प्रदान गरी कार्य गर्नु पर्ने ।
- ❖ संस्थामा उच्च तहमा रहेका र अन्य तहका राम्रो कार्य गर्ने कर्मचारीहरुले छोड्दा संस्थाको ख्याती घट्ने भएको हुदाँ कार्य गरी रहेका कर्मचारीहरुलाई सुरक्षीत गर्नु पर्ने र कर्मचारीका बिभेदीकरण नगरी कार्य गर्नु पर्ने ।
- ❖ साधारण सभामा शेयरधनिहरुलाई सम्मानजनक ब्यवहार गर्नु पर्ने, संस्थाद्धारा कर्जामा हुनु पर्ने कर्जा नोक्सानी ब्यवस्था नियनकारी निकायले प्रदान गरेको निर्देशन अनुसार भए नभएको, संस्थामा ब्यवस्थापन तथा कर्मचारी बिच किन मुद्दा मामिला मात्र हुने गरेको छ । संस्थाको पुँजी बराबर नोक्सान भएको हुदाँ सोको ब्यवस्थापन कहिले सम्म सकारात्मक हुन्छ ।
- ❖ कर्मचारीहरुको उच्च मनोबल प्रदान हुने गरी कर्मचारीहरुको दुर्घटना विमा भए नभएको एकिन गरी कार्य गर्नु पर्ने ।
- ❖ संस्थागतद्धारा रुपमा निष्कासन गर्ने Further Public Offering (FPO) कहिले सम्म जारी हुन्छ र हाल हकप्रद शेयर (Right Share) निष्काशनको प्रक्रिया कहिले सम्म पुरा हुन्छ ।

१३. सभामा शेयरधनी महानसभावहरुले उठाउनु भएको प्रश्न, जिज्ञासा, सुझाव, उपर अध्यक्षज्यूले दिनुभएको साष्टिगत प्रत्युत्तरको सारांशः

शेयरधनीहरुबाट आएको जिज्ञासा, सल्लाह, सुझाव उपर संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री बिनोद आचार्यले वक्ता शेयरधनिहरुलाई हार्दिक धन्यवाद ब्यक्त गर्दै देहाय वमोजिम जानकारी गराउनु भयो ।

- ❖ यस आर्थिक बर्षमा लेखा परिक्षणमा भएको ढिला सुस्तीका कारण यस आर्थिक बर्ष २०८१/८२ को साधारण सभा ढिला भएको कारण समयमा नै गर्न नसकिएको र आगामि आर्थिक बर्ष २०८२/८३ को साधारण सभा नियमनकारी निकायले तोकिएको समय सिमा गर्ने गरी कार्य गरिनेछ ।
- ❖ संस्थागत सूंचकहरु नकारात्मक भएकोमा संस्थाको कर्जा असुली कार्यविधि, २०८१ अनुसार कर्जा असुली गरिएको र हाल संस्थामा व्यवसायिक अधिकृत, अनुगमन प्रमुख, शाखा प्रबन्धक तथा अन्य कर्मचारीहरुलाई परिचालन गरी कर्जा असुलीको प्रभाबकारी गर्दा संस्थाका सूचकहरु सुधारात्क अवस्थामा भईरहेको ।

- ❖ आर्थिक बर्षमा २०८१/८२मा नोक्सानीमा रहेकोमा हाल संस्था नाफामा रहेको, संस्थाको निष्कृय कर्जा घट्दो क्रममा रहेको, संस्थाको पुँजीकोष बृद्धि हुँदै गएको संस्थाले लिएको लक्ष्य पुरा गर्न सम्पूर्ण कर्मचारीहरुले आफ्नो आफ्नो क्षेत्रबाट उच्च मनोवलका साथ कार्य भईरहेको ।
- ❖ संस्थामा कार्य गर्ने क्रममा कर्मचारीहरुमा कुनै प्रकारको बिभेदीकरण नभएको साथै सम्पूर्ण कर्मचारीहरुले नयाँ अवसरको चाहना राख्ने भएको हुदाँ केही कर्मचारीहरुले पद तथा प्रमोशनको अपेक्षाले अन्य संस्थामा आवद्ध भएको ।
- ❖ संस्थामा सम्पुर्ण शेयरधनिहरुलाई आदर सम्मान गर्दै संस्थालाई सबैको हो भन्ने वातावरण निर्माण गरिएको, संस्थामा नियमनकारी निकायले प्रदान गरेको निर्देशनको पूर्ण पालना गरी कर्जा नोक्सानी व्यवस्था गरिएको ।
- ❖ संस्थामा आवद्ध भएका कर्मचारीहरु मध्ये केही कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्ध गरिएको र अन्य कर्मचारीहरुको छुट्टै विमा मार्फत कमृचारीहरुको दुर्घटना विमा गरिएको ।
- ❖ संस्थागतद्धारा Further Public Offering (FPO) निष्कासनका लागि नेपाल धितोपत्र वोर्डमा प्रक्रियामा रहेको साथै नेपाल राष्ट्र बैंकले स्विकृति प्रदान गरेका यथाशिघ्र हकप्रद शेयर (Right Share) निष्काशन गरिनेछ ।

१४. छलफलको समाप्ती:

अध्यक्षज्यूले शेयरधनी महानुभावहरुले राख्नु भएको जिज्ञासा एवं प्रश्नहरुको सम्बन्धमा जवाफ दिनु भए पछि शेयरधनीहरुबाट थप जिज्ञासा र प्रश्न नआएकाले सभा सञ्चालकले छलफलको क्रम समाप्त भएको जानकारी गराउनु भयो ।

१५. प्रस्तावहरुको प्रस्तुति:

अध्यक्षज्यूको निर्देशन अनुसार सभा सञ्चालकले सभाको काम कारवाहीलाई अगाडी बढाउने क्रममा साधारण सभामा छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची अर्न्तगतका सम्पूर्ण प्रस्तावहरु सभा समक्ष छलफल तथा निर्णयकालागि प्रस्तुत गर्नुभयो ।

१६. सभाको निर्णय:

क) सामान्य प्रस्तावहरु:

१. छलफलका लागि साधारण सभामा प्रस्तुत विषयसूची (१) अर्न्तगत सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल भईसकेकाले सो लाई पारित गरियोस भनी सञ्चालक समितिका तर्फबाट अध्यक्षले पेस गर्नुभएको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

२. विषयसूची (२) अर्न्तगत लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ असार मसान्तको वासलात २०८१ साउन १ गते देखि २०८२ असार मसान्त (आर्थिक बर्ष २०८१/८२) सम्मको नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण तथा सोसगँ सम्बन्धित अनुसूचिहरु स्वीकृत गर्ने प्रस्ताव पारित गरियोस् भनी सभामा प्रस्तुत भएकोमा यस प्रस्ताब उपर छलफल भई लेखापरिक्षणको प्रतिवेदन

Matribhumi Laghubitta Bittiya Sanstha Limited

सहितको २०८२ असार मसान्तको वासलात, नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनुसूचीहरु सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

३. विषयसूची (३) अर्न्तगत बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, (२)६३ को दफा १११ वमोजिम आर्थिक बर्ष २०८२/०८३ को लेखापरिक्षण गर्नका लागि लोखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गरियोस भनी सभा समक्ष पेश भयो । प्रस्तुत प्रस्ताव उपर सभामा छलफल हुदाँ मिति २०८३ असार २१ गते बसेको लेखापरीक्षण समिति तथा मिति २०८३ असार २२ गते बसेको सञ्चालक समितिको बैंठकको सिफारिस वमोजिम लेखापरीक्षण फर्म/कम्पनीहरु बाट प्राप्त कोटेशनको दररेट तथा कागजपत्रका आधारमा जोशी एण्ड भण्डारी चार्टड एकाउन्टेन्ट्स, काठमाडौको दररेट प्रचलित कर (भ्याट) सहित रु.११,००,०००/- (अक्षरेपि एघार लाख रुपैया मात्र) रहेको र लेखापरीक्षण गर्ने क्रममा लाग्ने यातायात, खाना, खाजा तथा यातायात लगायतको सम्पूर्ण खर्च स्वयं लेखापरीक्षण फर्मले व्यहोर्ने भएकाले अन्य फर्म/कम्पनीहरुको भन्दा पारिश्रमिक कम रहेकाले संस्थाको आर्थिक बर्ष २०८२/०८३ को वाह्य लेखापरीक्षण लगायत कर लेखापरीक्षण, Long Form Audit report(LFAR), Certificate of Annual Report Related to Corporate Governance Directive Issued to Listed Institution, 2074 कम्पनी ऐन अर्न्तगतका अन्य आवश्यक कार्य गर्नको लागि जोशी एण्ड भण्डारी चार्टड एकाउन्टेन्ट्स, काठमाडौलाई माथि उल्लेख गरिए वमोजिमको पारिश्रमिक प्रदान गर्ने गरी लेखापरिक्षक नियुक्त गर्ने सभाले सर्वसम्मतिले निर्णय गर्‍यो ।

ख) **विशेष प्रस्ताव :**

१. विषयसूची (१) अर्न्तगत सर्वसाधारणमा थप सार्वजनिक निष्काशन (Further Public Offering) गर्ने प्रस्ताव पारित गरियोस भनि सभामा प्रस्तुत भयो । उक्त प्रस्ताव उपर छलफल हुदाँ वित्तीय संस्थाको सर्वसाधारणमा थप सार्वजनिक निष्काशन गर्न बाँकी शेयर रु. ११,४९,९८,२५९.७६/-(अक्षरेपि एघार करोड उनान्चास लाख अन्ठानब्बे हजार दुई सय उन्साठी रुपैयाँ छयहत्तर पैसा मात्र) यथाशिघ्र निष्काशन गर्ने र सर्वसाधारणमा थप सार्वजनिक गर्दाको सम्पूण कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान समेत सभाले सर्वसमतिले निर्णय गर्‍यो ।

२. विषयसूची (२) अर्न्तगत मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेडको पूँजी बृद्धि योजना अर्न्तगत FPO निष्काशन पश्चात कायम हुने चुक्ता पूँजीको १:१ को अनुपातमा प्रति कित्ता रु.१००/–(एक सय रुपैयाँ) का दरले हकप्रद शेयर (Right Share) निष्कासन गर्ने प्रस्ताव पारित गरियोस् भनी सभामा पेश गरिएको उक्त प्रस्ताव उपर सभामा छलफल पश्चात् सर्वसमतिले पारित गरियो । साथै, नेपाल राष्ट्र बैंक र नेपाल धितोपत्र बोर्ड (SEBON) लगायतका नियामक निकायहरूको स्वीकृति पश्चात् प्रचलित कानून बमोजिम उक्त हकप्रद शेयर निष्कासनको प्रक्रिया अगाडि बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने समेत सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

३. विषयसूची (३) अर्न्तगत यस वित्तीय सस्थाले नेपाल राष्ट्र बैकबाट "घ" वर्गको अन्य लघुवित्त वित्तीय संस्थाहरुसगँ गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धि आवश्यक कार्य गर्न संस्था छनौट, संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्यांकनकर्ता नियुक्त गरी पारिश्रमिक तोक्न तथा सहमतिपत्रमा हस्ताक्षर गर्ने तथा यस सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनी सभामा पेस गरिएकोमा उक्त प्रस्ताव उपर सभामा छलफल भई सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

Matribhumi Laghubitta Bittiya Sanstha Limited

४. विषयसूची (४) अन्तर्गत नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्टारको कार्यालय लगायत अन्य नियमनकारी निकायहरुबाट स्वीकृती लिने, अभिलेख गर्ने, प्रबन्धपत्र तथा नियमावलीमा कुनै बिषयमा संशोधन एवं परिर्वतन गर्ने निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगाएतका अन्य सम्पूर्ण कार्य गर्ने प्रस्ताव पारित गरियोस् भनी सभामा पेश गरिएकोमा उक्त प्रस्ताव उपर छलफल भई हकप्रद शेयर निष्कासन पश्चात् संस्थाको जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम संस्थाको प्रबन्धपत्र (Memorandum of Association) र नियमावली (Articles of Association) का सम्बन्धित दफा/नियमहरूमा आवश्यक संशोधन गर्नुका साथै, नियामक निकायहरूबाट प्रबन्धपत्र तथा नियमावली संशोधनका क्रममा कुनै फेरबदल वा परिमार्जन गर्न निर्देशन आएमा सो समेत गर्न सञ्चालकलाई अख्तियारी दिने निर्णय सर्वसम्मतिले पारित गऱ्यो ।

५. विषयसूची (५) अर्न्तगत यस मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड र साविक जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिने (Merger)/प्राप्ति (Acquisition) हुने सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल धितोपत्र बोर्ड लगायतका नियामक निकायहरूबाट अन्तिम स्वीकृति प्राप्त भई मिति २०८१/०३/२७ गतेदेखि "मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड को नामबाट एकीकृत वित्तीय कारोबार समेत शुभारम्भ भइसकेको हुँदा, साबिक जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको नाममा आन्तरिक राजस्व कार्यालय, पोखरामा दर्ता रहेको स्थायी लेखा नम्बर (PAN) एकीकृत कारोबार भएको मिति देखि लागु हुने गरी स्थगन गर्ने प्रस्ताव उपर छलफल गरियो । छलफल पश्चात्, मिति २०८३ असार २१ गते बसेको लेखापरीक्षण समिति तथा सञ्चालक समितिको सिफारिस वमोजिम लेखापरीक्षण फर्म/कम्पनीहरु बाट प्राप्त कोटेशनको दररेट तथा कागजपत्रका आधारमा जोशी एण्ड भण्डारी चार्टड एकाउन्टेन्ट्स, काठमाडौको दररेट प्रचलित कर (भ्याट) सहित तिन आर्थिक बर्षको बाह्य लेखापरिक्षण गर्नका लागि रु.१,५२,५५०/- (अक्षरेपि एक लाख बाउन्न हजार पाचँ सय पचास रुपैया मात्र) रहेको र लेखापरीक्षण गर्ने क्रममा लाग्ने यातायात, खाना, खाजा तथा यातायात लगायतको सम्पूर्ण खर्च स्वयं लेखापरीक्षण फर्मले व्यहोर्ने भएकाले अन्य फर्म/कम्पनीहरुको भन्दा पारिश्रमिक कम रहेकाले संस्थाको संस्थाको आर्थिक बर्ष २०८१/८२, २०८२/८३ र २०८३/८४ को वाह्य लेखापरीक्षण लगायत कर लेखापरीक्षण, Long Form Audit report(LFAR), Certificate of Annual Report Related to Corporate Governance Directive Issued to Listed Institution, 2074 कम्पनी ऐन अर्न्तगतका अन्य आवश्यक कार्य गर्नको लागि जोशी एण्ड भण्डारी चार्टड एकाउन्टेन्ट्स, काठमाडौलाई माथि उल्लेख गरिए वमोजिमको पारिश्रमिक प्रदान गर्ने गरी लेखापरिक्षक नियुक्त गर्ने सभाले सर्वसम्मतिले निर्णय गऱ्यो । साथै संस्थाको आर्थिक कारोबार नयाँ एकीकृत संस्थामा समाहित भइसकेको र साविक संस्थाको छुट्टै अस्तित्व नरहने हुनाले चालू आर्थिक वर्षको कारोबार बन्द भएको मिति सम्मको अन्तिम लेखापरीक्षण (Final Audit) गराई, बुझाउनु पर्ने सम्पूर्ण कर (Income Tax, TDS आदि) चुक्ता गरी, आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ता प्रमाणपत्र (Tax Clearance Certificate) लिई पान (PAN) स्थायी रूपमा स्थगन/खारेज गर्ने प्रक्रिया अगाडि बढाउन यो साधारण सभा सर्वसम्मतिले स्वीकृति प्रदान गर्दछ । यस सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियो ।

Matribhumi Laghubitta Bittiya Sanstha Limited

१७. धन्यवाद ज्ञापन तथा सभा विसर्जनः

वित्तीय संस्थाको सञ्चालक समितिका अध्यक्ष श्री बिनोद आचार्यले सातौं वार्षिक साधारण सभामा उपस्थित भई जिज्ञासा, टिप्पणी तथा अमुल्य सुझावहरु दिनु भई संस्थाको भावी रणनीति, योजना, तथा कार्यदिशा तय गर्न समिति र व्यवस्थापनलाई अमूल्य मार्गदर्शन एवं प्रेरणा प्रदान गरिदिनु भएकोमा शेयरधनिहरुलाई धन्यवाद ज्ञापन सहित आभार प्रकट गर्नुभयो ।

साथै, आगामी दिनहरुमा पनि सबैले यस्तै साथ सहयोग र हौसला प्रदान गर्नु हुनेछ भन्ने अपेक्षा राख्दै उपस्थित सम्पूर्ण शेयरधनी महानुभावज्यूहरु, नियमक निकायका प्रतिनिधिज्यूहरु, सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृत, तथा संस्थाका समस्त कर्मचारीहरुलाई समेत धन्यवाद ज्ञापन गर्दै वित्तीय संस्थाको सातौं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

(बखत बहादुर बटाला)
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

(बिनोद आचार्य)
अध्यक्ष सञ्चालक समिति